# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## लालझाडी गाउँपालिका
### कञ्चनपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३९० मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
लालझाडी गाउँपालिका, कञ्चनपुर ।

**कैफियत सहितको राय**

हामीले **लालझाडी गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.५८ लाख ५६ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२१ लाख ८३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३३ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु.३ लाख २१ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.६ करोड ७३ लाख ९३ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.७ करोड ३२ लाख ४९ हजार रहेको छ । यस पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **गाउँ** कार्यपालिका, **अध्यक्ष** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## लालझाडी गाउँपालिका, कञ्चनपुर

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४८ | १९ | ५८५६ | ० | ० | ० | ४८ | १९ | ५८५६ | २१८३ | ३२१ | ३३५१ | ० | ० | ३६७३ | ० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्योंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ६७३९३ | ० | ० | ६७३९३ | ० | ५८५६ | ७३२४९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : लालझाडी गाउँपालिका, कंचनपुर , लालझाडी गाउँपालिका , कंचनपुर

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | शेर बहादुर बुढा | २०७७-४-१ | |
| कार्यालय प्रमुख | महेन्द्र सिंह रावल | २०७७-७-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | वसन्त बहादुर धानुक | २०७७-४-१ | २०७८-१२-२८ |
| लेखा प्रमुख | राम बहादुर राना | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ५,८५५,९६५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५,७५,४४,६७३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०,३४,३७,७२७ | चालु खर्च | २४,९७,६१,११३ |
| प्रदेश सरकारबाट अनुदान | ३,४७,५३,०५० | पूँजीगत खर्च | १७,०९,९५,९०२ |
| राजश्व बाँडफाँट | ६,१५,९७,२५० | वित्तीय/अन्य व्यवस्था | ० |
| आन्तरिक आय | १,०४,३०,८९६ | | |
| अन्य आय | १,९२,८९,८३२ | | |
| कुल आय | ४२,९५,०८,७५५ | कुल खर्च | ४२,०७,५७,०१५ |
| बाँकी मौज्दात | | ६,६२,९६,४१३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, १५४.६५ वर्ग किलोमिटर क्षेत्रफल तथा २२ हजार ५६९ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणका लागि पेश भएका आर्थिक कारोवारसँग सम्बन्धित विवरणहरु तथा नेपालकामहालेखापरीक्षकले जारी गरेको **नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली ( व्यवस्थापन तथा संचालन ) निर्देशिका, २०७८ NAMS** बमोजिम स्वीकृत लेखापरीक्षण योजना, लिखित प्रतिनिधित्व पत्र एवं लेखापरीक्षण नीति, मानदण्ड,मार्गदर्शन,निर्देशन र लेखापरीक्षणका सीमा समेतको आधारमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरी तयार भएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदामा व्यवस्थापनपक्षसँग छलफल गरी कायम भएका व्यहोरा समावेश गरी यो प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने वित्तीय विवरणको तयारी लगायत सम्पूर्ण आर्थिक कारोवारको जिम्मेवारी व्यवस्थापनपक्षसँग नै रहेको छ। | |
| ३ | | | **आन्तरिक नियन्त्रण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता र पुजीगत खर्च खातामा मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छ । सो अनुरुप बजेट तथा कार्यक्रम तयार गर्नेतर्फ गाउँपालिकाले ध्यान पुर्‍याउनुपर्दछ ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म. ले.प.फा.नं. ५०७)र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ बमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **लक्ष्य प्रगति**<br>**लक्ष्य प्रगतिः**<br>पालिकाले चौमासिक र वार्षिक स्तरको प्रगति विवरण बनाई पेश गर्नुपर्दछ । कार्यालयले सञ्चालन गरेका विभिन्न कार्यक्रम तथा क्रियाकलापहरुमा भएको भौतिक वा भारित प्रगति स्पष्ट देखिने गरी नियमानुसारको प्रगति विवरण तयार गरेको देखिएन जसले गर्दा सम्पादित कामको परिमाण र अबस्था को बारेमा स्पष्ट हुन सक्ने अबस्था नरहेकोले निर्धारित ढाचामा आवधिक र बार्षिक प्रगति प्रतिबेदनहरु तयार गरी सो को बिश्लेषण समिक्षा र अनुगमन गर्नुपर्ने देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्नु मनासिब देखिएन । यसमा सुधार हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **बजेट पेश तथा अख्तियारीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले मिति २०७७।३।१० गते रु. ३९ करोड ७८ लाख ५२ हजारको बजेट सभासमक्ष पेश गरेकोमा असार मसान्तभित्रै पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६ | | | **खरिद व्यवस्थापनः** | |
| ६.१ | बिभिन्न | | **सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमका कार्यहरु निरन्तर सन्चालन गरी सार्बजनिक जिम्मेबारी प्रबर्धनलाई बढावा दिनुपर्दछ । | |
| ६.२ | बिभिन्न | | **गुणस्तर परीक्षणः**<br>निर्माण र खरिद कार्यका कामको निर्धारित मापदण्ड वा गुणस्तरयुक्त भए नभएको सम्बन्धमा केही कार्यको गुणस्तर परीक्षण प्रतिबेदन लिने गरेपनि अधिकाश उपभोक्ताबाट सन्चालित सार्बजनिक निर्माण कार्यको गुणस्तर परीक्षण प्रतिबेदन भने लिने नगरेको पाइएकोले सो कार्यमा भने सुधार हुनु पर्ने देखिन्छ । | |
| ६.३ | | | **म्याद थपः**<br>सम्झौता कार्यान्वयन सम्बन्धमा सम्झौताको शर्त बमोजिम निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न गर्नु पर्नमा धेरैजसो काम समयमै सम्पन्न भएका भए तापनि सिलबन्दी वा बोलपत्रको माध्यमबाट भएका विभिन्न खरिद कार्यहरु निर्धारित समयमा सम्पन्न नभइ कार्यालयले आपूर्तक वा निर्माण ब्यबशायीको माग बमोजिम म्याद थप स्वीकृत गरेको देखिन्छ । म्याद थप गर्दा निर्माण ब्यवसायीको निबेदन बमोजिम कारण मनासिब ठहर्‍याए कार्यपालिकाले निर्णय गरी म्याद थप गर्ने गरेको देखिन्छ । म्याद थप गर्दा पर्याप्त आधार प्रमाण लिएर मात्र म्याद थप गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.४ | | २०७८-९-१० | **सवारी खरिदः**<br>कार्यालयबाट खरिद ब्ययस्थापन अन्तर्गत तोकिएका ऐन नियमाबली निर्देशिका परिपत्र बमोजिम भएका भन्ने कार्यालयको भनाइ रहेकोमा यो बर्ष फरक फरक नाम क्षमता कम्पनी मोडेल र रकमका मोटरसाइकलहरु रु १२४०८५०।०० मा बिभिन्न समयमा सोझै खरिद गरी आपूर्ति गरेको छ । सांसद बिकास कोषबाट एम्बुलेन्स खरिद गर्न रु.१५०००००।- कार्यक्रम रहेकोमा अग्नि इन्कर्पोरेटेड प्रा लि सँग मिति २०७७।२।५ मा सम्पन्न महिन्द्रा एम्बुलेन्स खरिद सम्झौता गरी रु १०८११९०।०० पेश्की उपलब्ध गराएको छ । यसरी आन्तरीक श्रोतबाटमात्र सवारी साधन खरिद गर्नु पर्नेमा संघीय सरकारबाट प्राप्त बजेट फ्रिज नगरी आपूर्तकलाइ पेश्की दिनु र एकै प्याकेजलाई सिलवन्दी दरभाउपत्रको माध्यमबाट प्रतिस्पर्धा गराइ लागतलाभ लिने गरी मोटरसाइकल खरिद नगर्दा खरिद कार्य मितव्ययी छ भन्ने अवस्था रहेन । खरिद कार्य प्रतिस्पर्धी रुपमा समयमै सम्पन्न गर्नुपर्दछ । | |
| ७ | | | **बजेट सीमा निर्माण समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिहरुबाट प्राप्त बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धित नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा गाउँपालिकाले ध्यान दिनुपर्दछ । | |
| ८ | | | **खर्चको स्थितिः** | |
| ८.१ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br>(तलको तालिका हेर्नुहोस्)<br>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ८६.१९ प्रतिशत र पुर्वाधार विकास क्षेत्रमा सबै भन्दा घटी ६८.३३ प्रतिशत रहेको छ । बजेटको सन्तुलित रुपमा खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |

| क्र.स | क्षेत्र | बजेट ( रु. हजारमा) | खर्च ( रु. हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १८७६७ | १६०४४ | ८५.४९ |
| २ | पूर्वाधार विकास | १७३५०० | ११८५५७ | ६८.३३ |
| ३ | सामाजिक विकास | १३४९१ | ११६२८४ | ८६.१९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १३५३१ | ११३७७ | ८४.०८ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८७१८० | ७५०९४ | ८६.१४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.२ | | | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगततर्फ बार्षिक रु.१५ करोड ४७ लाख २ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.३ करोड २९ लाख ४० हजार अर्थात २१.२९ प्रतिशत, दोश्रो चौमासिकमा रु.2 करोड 88 लाख 7 हजार अर्थात १८.६२ प्रतिशत र तेश्रो चौमासिकमा रु.९ करोड २९ लाख ५४ हजार अर्थात ६०.०९ प्रतिशत खर्च गरेको देखिएको छ भने असार महिनामा मात्र रु. ५ करोड ३६ लाख ४२ हजार अर्थात ३४.६७ प्रतिशत खर्च भएको छ । यसरी असार महिनामा मात्र कुल पूँजीगत खर्चको एक तिहाइभन्दा बढी भएबाट असारमा खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| ९ | | | **बजेट तथा कार्यक्रम तर्जूमा समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था रहेको छ । गाउँपालिकाले उक्त समिति गठन गरेको छैन । गाउँपालिकाले उक्त समिति गठन गर्नुपर्दछ । | |
| १० | | | **कर्मचारी व्यवस्थापनः**<br>**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २६ जना पदपूर्ती भएकोमा सो मध्ये २ जना करारबाट पूर्ति गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका विभिन्न १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ११ | | | **शिक्षा** | |
| ११.१ | | | सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनोटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले सो सम्बन्धि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा गरेको देखियन । यसमा गाउँपालिका ध्यान जानु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ अनुसार विद्यालय लाई दिने अनुदान एकीन विद्यार्थि संख्याका आधारमा अनुदान दिई गाउँपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट गएको देहायको अनुदानको अनुगमन तथा मूल्याङ्कन गरेको नदेखिएकोले अनुदानको उपयोग सम्बन्धमा एकिन हुने अवस्था भएन । यसमा गाउँपालिकाको ध्यान जानुपर्दछ ।<br><br>विद्यालयलाई गएको अनुदान \| रकम \| कैफियत<br>शैक्षिक गुणस्तर सुदृढिकरण \| १९४४००० \| १६ वटा विद्यालय<br>शिक्षण सिकाई सहजिकरण \| २२३४००० \| १६ वटा विद्यालय<br>दिवा खाजा \| ७५५००० \| १६ वटा विद्यालय<br>शिक्षण सिकाई सामाग्रि \| ११८३००० \| १६ वटा विद्यालय<br>स्यानिटरी प्याड \| ११९७००० \| १६ वटा विद्यालय | |
| १२ | | | **सफ्टवेयर**<br>**सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले विभिन्न सफ्टवेयर खरिदमा रु.२३३६९६८।- खर्च गरेको भए पनि स्वीकृतीवेगरका राजश्व , इ हाजीरी सफ्टवेयर, योजनासम्बन्धी सफ्टवेयर, व्यवसाय दर्ता सफ्टवेयर, अपांग परिचयपत्र सफ्टवेयर, वडा सिफारिस संयन्त्र, राजश्व, योजना, जस्ता महत्वपूर्ण सफ्टवेयरको सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो छ भन्ने अवस्था रहेन । यस्ता सफ्टवेयर प्रयोगमा ल्याउँदा स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| १३ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकामा कानुन बमोजिमको न्यायिक समितिमा १२ वटा परेको उजुरीको फर्छयौट हुन बाकी ५ मध्ये २ वटा उजुरीकर्ता सम्पर्कमा नआएको र ७ वटा उजुरी छिनोफानो भएकोमा दफा ४७ को २ को झ बमोजिम २ वटा , २ को क बमोजिम ५ , १ को ख बमोजिम १ र १ को घ ४ वटागरी जम्मा १२ वटा उजूरी परेको छ । कार्यालयले यस्ता उजुरीहरु माथि समयमै आवश्यक कारवाही गरी त्यस्ता उजुरीहरुको छिनोफानो गर्नुपर्दछ । | |
| १४ | | | **आन्तरिक आय** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.१ | | | राजश्व दाखिला आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत ६ वटा वडा पालिकाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको नदेखिएन । कानूनबमोजिम राजश्व दाखिला गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १४.२ | | | राजश्व अभिलेख- पालिकाले उठाउनुपर्ने राजश्वको लगत अभिलेख राखी उठ्न बाँकी रहेमा लगत जिम्मेवारी सारी राजश्व उठाउनुपर्दछ । पालिकाको गत वर्षको राजस्व बक्यौता यस वर्षको अभिलेखमा अद्यावधिक नगरेकोले समयमै असूल गरी दाखिला गर्नुपर्दछ । | |
| १५ | | | **रकमान्तरः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष कार्यपालिकाले पटके निर्णयबाट विभिन्न योजना तथा कार्यक्रममा रु.८ करोड ८७ लाख अर्थात बजेटको २२.३० प्रतिशत रकमान्तर भएको छ । योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ । | |
| १६ | | | **बीमा-**<br>सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यबसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो अनुसार सबै ठेक्कामा बीमा भएको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी वीमा गराउने एंव ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्ने देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **गाउँ प्रोफाइलः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम यो बर्ष प्रोफाइल तयार गरेको छैन । अत बास्तबिक तथ्याङ्कको अभाबमा बजेट तर्जुमादेखी योजनहरु सन्चालनमा अन्योलता रहने भएकोले सूचना प्रबिधिको जमानामा कार्यालयबाट त्यस्ता तथ्याङकहरु सङ्कलन प्रकाशन र ब्यबस्थापनलाइ अरु बढी भरपर्दो बिश्वसनीय र ब्यबस्थित गर्नु पर्ने देखिन्छ । | |
| १८ | | | **कल्याण कोषः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कल्याण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषमा यस वर्ष वित्तीय समानीकरणबाट रु.१२०००००।– एकमुष्ट ट्रान्सफर गरेको छ । उक्त कोषको संचालन सम्बन्धमा पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था गरेको देखिएन। कल्याण कोष संचालन सम्बन्धमा कार्यविधिको व्यवस्था गरी ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरुबाट पनि रकम कट्टा गरी सो बराबरको रकम जम्मा गर्नुपर्दछ । | |
| १९ | | | **पूँजीगत बजेट शिर्षकबाट चालु खर्चः**<br>बजेटको सिद्धान्तअनुसार चालु प्रकृतिका खर्च चालु बजेटबाट र पूँजीगत प्रकृतिका योजना/कार्यक्रम/ क्रियाकलापहरुको खर्च पूँजीगत बजेटबाट लेख्नुपर्दछ । कार्यालयले कतिपय अवस्थामा चालु प्रकृतिका खर्चहरुसमेत पूँजीगत बजेटबाट खर्च लेखेको छ । बजेट सिद्धान्त अनुकुल नहुने गरी शिर्षक फरक पारी यस्तो खर्च लेख्नु मनासिब देखिएन । अतः यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । यसका केही उदाहरण यसप्रकार छन्: | |

| गो.भौ. नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ४३३- ०७८।३।२१ | स्वास्थ्य संस्थाका ४९ जना कर्मचारीहरुलाई २०७८ साल बैशाख र जेठ महिनाको कोभिड- १९ जोखिम भत्ता भुक्तानी | ५५९७४४ |
| ४९७- ०७८।३।२५ | कर्मचारीहरुको कोभिड म्यादी बीमावापतको रकम भुक्तानी | ६३९७१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **कार्य स्वीकार प्रतिवेदन-**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्य स्वीकार प्रतिवेदनको आधारमा अन्तिम विल भुक्तानी दिने र त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले त्रुटि सच्चाउने अवधि अगावै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । निर्माण व्यवसायी र उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार त्रुटि सच्चाउने अवधि पश्चात त्रुटि सच्याउनु पर्ने अवस्था भएमा त्रुटि सच्याएर मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । नियमको पालना गरी निर्माण व्यवसायीलाई सम्झौताको अवधिसम्म जिम्मेवार बनाउनु पर्ने देखिन्छ । | |
| २१ | | | **पदाधिकारी सुविधा** | |
| २१.१ | | | नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट ३२ जना पदाधिकारी तथा सदस्यहरुको यस बर्ष रु.५६८७५००। सुविधा वापत भुक्तानी भएको छ । | |
| २१.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख भएकोमा गाउँपालिकाको आन्तरिक आयको परिधि भित्र रहि खर्च गुर्नुपर्नेमा सो नगरी समानिकरणबाट प्राप्त बजेटबाट खर्च गरेको देखियो । गाउँपालिकाले आन्तरिक स्रोतको ख्याल गरी विविध खर्च गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| २१.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था उल्लेख छ । गाउँपालिकाले यस वर्ष रु.१५७०००। आर्थिक सहायता वितरण गरेको देखियो । नियमानुसार वितरण गर्न नपाउने रकम खर्च लेखेकोले नियम सम्मत नदेखिएको रु. | १५७,००० |
| २२ | | | **अनुदान फिर्ताः**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेको संघीय अनुदान रु.२३७४२५३३।- संघीय सञ्चित कोषमा तथा प्रदेश अनुदान रु.७६९०२८।- प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **कानून निर्माण-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । हालसम्म गाउँपालिकाले ऐन, नियमावली, कार्यविधि, निर्देशिकासमेत गरी ६० कानून बनाएको छ । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको नगर प्रहरी, स्थानीय तथ्याङ्क लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ। निर्माण भएका कानूनहरुलाई संघीय तथा प्रादेशिक कानूनबमोजिम संशोधन तथा अद्यावधिक गर्नेतर्फ नगरपालिकाले ध्यान पुर्‍याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **सेवा प्रवाह-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्नबमोजमिम सेवाप्रवाह भएको विवरण पेश भएको छ । पालिकाले स्थानीय सरकार संचालन ऐन तथा पालिकाबाट निर्मित ऐन कानूनबमोजिम सेवाप्रवाहलाई थप परिस्कृत बनाउँदै लैजानुपर्दछ । | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ७८६ |
| मृत्युदर्ता | २६९ |
| बसाईसराई दर्ता | २६० |
| विवाह दर्ता | ४३२ |
| सम्बन्धविच्छेद दर्ता | १ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | १.९३ कि मि |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | १८.६४ कि मि |
| ग्राभेल सडक मर्मत | ३ कि मि |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **योजना छनौट-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको ८२ योजनामध्ये ५ लाखभन्दा घटीका योजना ६७, ५लाखदेखि १० लाखसम्म ७ योजना तथा १० लाखभन्दा बढीका ८ योजना रहेका छन् । अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । | |
| २६ | | | **कोभिड कोष आयव्यय-**<br><br>कोभिड १९ बाट उत्पन्न जटिल परिस्थितिको व्यवस्थापन गर्न नगरपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी आन्तरिक तथा बाह्य स्रोतबाट स्रोत व्यवस्थापन गरी राहत वितरण, क्वारेण्टिन व्यवस्थापन तथा आइसोलेसन व्यवस्थापनको कार्य गरेको छ । प्रकोप व्यवस्थापन कोषको आय तथा व्ययको अवस्था निम्न बमोजिम रहेको छ। | |

| आम्दानीको विवरण | रकम | खर्चको विवरण | रकम |
|---|---|---|---|
| गत वर्षको मौज्दात | १३३३३६७ | राहत वितरण | ० |
| संघीय सरकार | १०००००० | क्वारेण्टिन व्यवस्थापन | ४७९०८९ |
| प्रदेश सरकार | ० | आइसोलेसन व्यवस्थापन | ३००७२४ |
| आन्तरिक स्रोत | ५५९७४४ | जोखिम भत्ता | ५५९७४४ |
| | | औषधी एवं स्वास्थ्य सामग्री | १५२८६८१ |
| | | अन्य | ० |
| | | मौज्दात | २४८७३ |
| जम्मा | २८९३१११ | जम्मा | २८९३१११ |

कुल खरिद खर्च रु. १५२८६८१।- को औषधी एवं स्वास्थ्य सामग्रीसमेत पटक पटक सोझै विधिबाट गरेको छ । सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने प्रणाली लागु गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २७ | | | **पेश्की व्यवस्थापन**<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९ तथा ५० बमोजिम कुनै पनि व्यक्ति संस्था तथा तेश्रो पक्षलाई पेश्कि प्रदान गर्दा समयमै नियमानुसार पेश्की फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष देहाय वमोजिमका व्यक्ति, संस्था तथा तेश्रो पक्षलाई प्रदान गरिएको पेश्की मध्ये म्याद ननाघेको पेश्की रु. ९०३३६२६ ।-रकम पेश्की पाउनेले समयमै नियमानुसार फछ्यौंट गर्नुपर्ने रु | |

| फर्म तथा व्यक्ति | पेश्कीको प्रयोजन | म्याद ननाघेको |
| --- | --- | --- |
| बस्नेत कन्सट्रक्सन,दोधारा चाँदनी | निर्माण कार्य | ६५१३४७ |
| राजेन्द्र/ रुद्रावती/ सिद्धनाथ जेभी | स्वास्थ्य भवन निर्माण | ७३००००० |
| अग्री इन्कर्पोरेटेड | एम्बुलेन्स खरिद | १०८११९० |
| | जम्मा | ९०३३६२६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २८ | | | **सार्वजनिक सम्पतिको संरक्षण तथा उपयोग-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनेको छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नको लागि आवश्यक नीति तथा मापदण्ड निर्माण गरी सार्वजनिक सम्पति तथा जगाको अभिलेखाङ्कन, अनुगमन गरी संरक्षण तथा सम्वर्द्धन गर्नुपर्दछ । | |
| २९ | बिभिन्न | २०७८-९-१४ | **भेरिएसन**<br>खर्रानाला मोटरेबल पुल निर्माण योजनाको बिस्तृत लागत अनुमान बमोजिमको ठेक्का सम्झौता हुदा मोटरेबल पुल निर्माणस्थलसम्मको पहुच मार्ग तथा नदी नियन्त्रण एबम् सरक्षण कार्यतर्फका कामका परिमाण कम हुन गइ पुल निर्माणको चरणमै उक्त कार्यका परिमाणमा थप गर्नु परेको कारणबाट शुरु सझौता रकममा रु ३२६५३०५।००अर्थात् ८।३० प्रतिशत थप कार्यादेश दिइ सोही बमोजिमको रकम रु ३२४०२८०।०० शुरु सम्झौता रकममा ८।२३ प्रतिशत बढी भुक्तानी भएको छ । तापनि सम्झौता बमोजिमको बायो इन्जिनियरिङ्गको काम भने नगरेको अबस्था छ । यसरी पुलको काममा पहुच मार्ग र प्रोटेक्सनकार्यजस्ता अति सामान्य कुराको परिमाण न्यून राखी वा छुटाइ कार्य गराएबाट पुलको ड्रइङ डिजाइन, स्पेशिफिकेशन तथा लागत अनुमान नै त्रुटीपूर्ण रहन गइ उपरोक्तानुसार थप कार्य गराउन परेकोले पुलको निर्माण लागतमा थप ब्ययभार पर्न गएकोले यस्तो कार्यमा सुधार हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **भेरिएसन**-<br>सिकलपट्टि जाई मोटरबाटोदेखि पूर्व झोलुङ्गेपुलसम्मको सडक निर्माण कार्यमा निर्माण व्यवसायी शुभम् कन्स्ट्रक्सनसँग मिति २०७८।३।२५ सम्ममा काम सक्ने गरी रु.९५३९४०।- को सम्झौता गरेकोमा उक्त कार्यमा कामको परिमाण थप गरी मिति २०७८।६।३० सम्ममा काम सक्ने गरी रु. १७४४१३०।- सम्मको लागत पर्ने गरी थप कार्यादिश दिई रु.७५६६७५।- भुक्तानी गरेकोमा करिव ८३ प्रतिशत थप कार्यादिश भएको पाइयो । यसरी कामको परिमाण छुटाई शुरु सम्झौता गर पुनः यति ठुलो रकमको थप कार्यादिश दिई काम गराउँदा प्रतिस्पर्धा सिमित हुन गई लागत लाभको अवसरबाट कार्यालय वञ्चित हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गर्न गराउनेतर्फ सम्बन्धित प्राविधिक कर्मचारीको ध्यान जानुपर्ने देखिन्छ । | |
| ३१ | | | **सोझै खरिद** | |
| ३१.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर गाउँपालिकाले उक्त प्रक्रिया वेगर औषधि सोझै खरिद गरी रु.३४५५६८४। खर्च गरेको छ । खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको, आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफाइड, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख भएको, खरिद भएको औषधिहरु विषय विज्ञबाट मुचुल्का उठाई उक्त औषधि निशुल्क वितरण भनि लेखेको प्रमाण समावेश जस्ता कुराहरुको बारेमा खुलेको प्रमाण राख्ने गरेको देखिएन । आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा नियमानुसार बार्षिक खरिद गर्नुपर्ने सामानहरुको योजना तयार गरी एक मुष्ठ खरिद प्रकृया अनुसार गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१.२</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । गाउँपालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै कोटेशनबाट निम्नानुसार रु.५७४४९७०। नियमसम्मत नदेखिएकाले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>खरिद विवरण</th><th>मू अ कर सहित रकम</th></tr>
<tr><td>मेसिनरी औजार विभिन्न सप्लायर्सबाट</td><td>१६५५०१४</td></tr>
<tr><td>फर्निचर तथा फिक्चर्स विभिन्न सप्लायर्सबाट</td><td>२४०५९५८</td></tr>
<tr><td>कम्बल खरिद (जेष्ठ नागरिकलाई वितरणको लागि)</td><td>१३८५९९८</td></tr>
<tr><td>जम्मा</td><td>५७४४९७०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>
स्यानीटरी प्याड-<br>
सामुदायीक बिद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड १९,९६० थान निम्न अनुसार खरिद गरेको छ ।
<table>
<tr><th>गो भौ/ मिति</th><th>खरिद गरिएको फर्म</th><th>संख्या</th><th>लागत अनुमान रु.</th><th>प्रति इकाई दर मु अ करसमेत रु.</th><th>कुल भुक्तानी मु अ करसमेत रु.</th></tr>
<tr><td>२६२/०७८।३।२३</td><td>न्यू एडभान्स सर्जिकल हाउस धनगढी</td><td>१०,०००</td><td>४९.९९</td><td>४९।९५</td><td>४,९९,४६०।</td></tr>
<tr><td>२६०/०७८।३।२२</td><td>मणिलेक मेडिसिन डिस्ट्रब्युटर्स</td><td>९,९६०</td><td>४९.९९</td><td>४९।९९</td><td>४,९७,९१२।</td></tr>
<tr><td></td><td></td><td>१९,९६०</td><td></td><td></td><td>९,९७,३७२।</td></tr>
</table>
उक्त खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु. ५ लाख देखि २० लाखसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरेर गर्नु पर्ने व्यवस्था छ । तर यस कार्यालयले कुल रु.९,९७,३७२। भुक्तानी दिएर गराएको उक्त काम सिलबन्दी दरभाउको माध्यमबाट खरिद गर्नुपर्नेमा आर्थिक बर्षको अन्त्यमा प्रतिस्पर्धा सिमित हुने गरी दुई प्याकेजमा सोझै खरिद गरेको देखियो । यस्तो प्रकृयाबाट खरिद गरेको कार्य नियमित देखिदैन । खरिद गर्दा प्रतिस्पर्धाको लाभ प्राप्त हुने गरि गर्नु आवश्यक देखिन्छ । स्यानीटरी प्याड ( बितरण तथा व्यबस्थापन ) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु तोकिए बमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाउनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>
परामर्श सेवा-<br>
पालिकाको कार्यालयले यस बर्ष १० बेड क्षमताको अस्पताल निर्माणको डी पी आर तयार गर्न रु.११,९५,९७५। को लागत अनुमान तयार गरी कार्यालयमा सुचिकृत तीन फर्मबाट आर्थिक तथा प्राबिधिक प्रस्ताब माग गरी सबैभन्दा कम रकम कबोल गर्ने पेसो कन्सल्टेन्ट प्रा लि काठमाण्डौँको रु.११,९४,९७५।कबोल अंक प्राप्त भएको जनाई सो फर्मसँग सम्झौता गरी काम सम्पन्न भएको जनाएको छ । यसै जिल्लामा रहेको बेलौरी न पा ले १५ बेड क्षमताको अस्पताल बनाउने कार्यको डी पी गर्ने कामको लागत अनुमान रु.९ लाख ९८ हजारको तयार गरी एक प्रा. लि. बाट रु.९ लाख ९३ हजार भुक्तानी दिएर काम सम्पन्न गराएको छ । यस कार्यालयले बनाउन लागेको अस्पतालको क्षमताभन्दा बढी क्षमताको अस्पतालको डी पी आर तयार कार्य यस कार्यालयबाट भुक्तानी दिएको रकमभन्दा कममा तयार गर्नु र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने अबस्थाको बिप्लेषण बेगरनै अर्थात कार्यालयमा प्राविधिक कार्यमा संलग्न जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाहय परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु. ११,९४,९७५। थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | १५५ | २०७७-१०-१३ | **बढी भुक्तानीः**<br>कार्यालयले भुक्तानी गर्दा बील भरपाई लिई भुक्तानी गर्नुपर्दछ । रिजन ह्युमपाइप तथा कन्क्रिट उद्योगको कर बिजक न ०६ अनुसार रु १३०००७५।०० मा १३ प्रतिशतले रु १६९००९।७५ समेत कूल रु १४६९०८४।७५ भुक्तानी दिनु पर्नेमा रु १४७९०८४।७५ बजेट खर्च लेखेकोले बढी भुक्तानी गरेको रकम अशूल गर्नु पर्ने रु. | ९,९९९ |
| ३५ | | | **स्यालो ट्युववेल निर्माण**<br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ (२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ । कार्यालयले प्रदेश सशर्त अनुदान अन्तर्गत १२ थान स्यालो ट्यूववेल कार्यक्रमको लागि रु.१८८५२१२ (मु.अ. करसहित) लागत अनुमान स्वीकृत गरी सिलवन्दी दरभाउपत्र आह्वान गरेकोमा लागत अनुमानभन्दा ३४.३४ प्रतिशत घटी अर्थात रु.१३३७७३८।- (मु.अ. करसहित) कबोल गर्ने हिल्स निर्माण सेवासँग सम्झौता गरेकोमा थप स्यालो ट्युववेल माग भएको कारण देखाई कबोल गरेकै दररेटमा काम गर्ने गरी रु.२८४४३४।- को भेरिएसन स्वीकृत गरी १५ स्यालो ट्युववेल निर्माणको रु.१४०५९७६।- (मु.अ. करसहित) भुक्तानी गरेको छ । सोही कार्यक्रमबाट वचत भएको रकमबाट पुनः थप ३ थान स्यालो ट्यूववेल जडान कार्यको लागि रु.४९१०४८।- को लागत अनुमान स्वीकृत गरी तीनवटा फर्मसँग दरभाउ माग गरी हिल्स निर्माण सेवासँग लागत अनुमानको ०.९ प्रतिशतमात्र घटी अर्थात रु. ४८६६२८।-मा सम्झौता गरी रकम भुक्तानी गरेको छ । कार्यालयले सोही योजनाको बोलपत्रमार्फत भएको सम्झौतामा ३४.३४ प्रतिशत घटीमा सम्झौता गरी कार्य गराएकोमा सोही फर्मसँग सोही प्रकृतिको कार्यको लागि सोझै खरिद गर्दा सिलबन्दी दरभाउपत्रको तुलनामा रु.१६४२०६।- बढी भुक्तानी भएको देखिन्छ । एकै प्रकृतिको कार्यको लागि कहिँ थप परिमाणको कार्य भेरिएसन गरी निर्माण गराईसकेको अवस्थामा पुनः फरक फरक दरभाउमा फरक सम्झौता गरी कार्यक्रमसमेत स्वीकृत नगराई एकै फर्मलाई एकै समयमा रकम भुक्तानी गर्दा खरिद मितव्ययी नभई व्ययभार पर्न गएको रु. | १६४,२०६ |
| ३६ | | | **तलवी प्रतिवेदन**<br>निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि स्वास्थ्य तर्फ रु.१५४३९०००। र पालिका तर्फ रु. १३५४९६००। गरी जम्मा रु.२८९८८६००। खर्च लेखेको देखियो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवि प्रतिवेदन पारित गरेर मात्र खर्च लेख्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | २६२ | २०७८-३-२३ | **मूल्य अभिबृद्धि कर**<br>मुल्यअभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) अनुसार ठेक्का वा करार अन्तरगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्धिकर भुक्तानी गर्दा सो कर कमको ३० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ। नगरपालिकाले उक्त व्यवस्था वमोजिम ३० प्रतिशत मु.अ.कर रकम स्वयं कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी उपरोक्त बमोजिमकोभुक्तानीमा आपूर्तकलाई शतप्रतिशत भुक्तानी दिएको देखिएकोले भुक्तानी भएको निम्नानुसार मु अ कर रु सम्वन्धमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु. | ८०,४४४ |

| शीर्षक | गो.भौ.र मिति | आपूर्तकको नाम | भुक्तानी रकम | भुकतानी भएको मु अ कर रकम |
|---|---|---|---|---|
| सशर्त चालु | २६२।०७८।२।२३ | सान्भि मेडिसिन सप्लायर्स धनगढी ६१४११६९७५ | १९९७८४ | २२९८४ |
| सशर्त चालु | २६२।०७८।२।२३ | न्यू एडभान्स सर्जिकल हाउस धनगढी ६०१०६१७६१ | ४९९४६० | ५७४६०। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **बढी निकासा**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाको विद्यालयको दोस्रो चौमासिमको मंसिर र पुष महिनामा तलव भत्ता निकासा गर्दा भानु मावि कञ्जको बाहिरि जिल्लाबाट सरुवा भई आएका शिक्षक श्री चुडामणी **खड्का** लाई रु ३४३९। रकम बढी निकासा भएको देखिएकोले सो रकम निजबाट असुल गर्नुपर्ने रु | ३,४३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **विद्यालय अनुदान**<br>कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप १.२ अनुसार शिक्षक तथा विद्यार्थलाई सि.यू. जि. सेवामा आवद्ध गर्न स्थानीय तहले सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थि संख्याका आधारमा प्रति विद्यार्थि मासिक रु.१२५ का दरले ३ महिनाको रकम विद्यालयलाई निकासा दिनुपर्ने तथा स्वास्थ्य सामाग्रि खरिदको लागि रकम निकासा गर्ने व्यवस्था अनुरुप गाउँपालिकाले १६ वटा विद्यायललाई सो कार्यको लागि रु.२५६५०००। रकम निकासा भएकोमा गाउँपालिकामा विल भर्पाई पेश नभएको तथा शिक्षा शाखाबाट अनुगमन पनि नभएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.<br><br>निकास विवरण — रकम<br>कोभिड १९ अनुदान CUG — १२२२५००<br>कोभिडमा सिकाई सहजिकरण स्वास्थ्य सामाग्रि खरिद (सिद्धबैजनाथ आवि,राष्ट्रिय आवि र भानु माविको बाहेक) — १००४६९१<br>जम्मा — २२२७१९१ | २,२२७,१९१ |
| ४० | | | **सामाजिक सुरक्षा**<br>सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ को परिच्छेद ७ र ८ मा बैकिङ्क प्रणाली मार्फत भत्ता बितरण तथा भत्ता बितरण गरे पछि बचेको रकम सम्बन्धित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता भुक्तानी बैंकिग प्रणालीमार्फत रु. ३३६७३५५७ । भुक्तान गरको छ । सामाजिक सूरक्षा भत्ता प्रदान गर्दा समयमा तथ्याङ्क अध्यावधिक हुने गरेको देखिएन साथै भत्ता वितरण बाँकी रहेको रकम समयमा फिर्ता गर्नुपर्नेमा नगरेकोले समयमै फिर्ता गर्ने तर्फ ध्यान जानुपर्दछ । | |

Nested table within row ३९:

| निकास विवरण | रकम |
|---|---|
| कोभिड १९ अनुदान CUG | १२२२५०० |
| कोभिडमा सिकाई सहजिकरण स्वास्थ्य सामाग्रि खरिद (सिद्धबैजनाथ आवि,राष्ट्रिय आवि र भानु माविको बाहेक) | १००४६९१ |
| जम्मा | २२२७१९१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>

**तालिमको नर्म्स**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद नं ७.१.१५ सि.नं.३ अनुसार सवै प्रकारका सीप विकास तालिम गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालीत सवै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिकमा सहायक स्तरको तालिममा कक्षा सञ्चालन वापत नगरपालिकास्तरमा रु.७००। र कार्यपत्र वापतरु.८००। पाउने, सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापत पारिश्रमिक नपाउने कार्यपत्रको मात्र पारिश्रमिक पाउने तथा अधिकतम १५ कार्य दिन सम्मको लागि प्रति दिन रु.४००। संयोजक तथा व्यवस्थापक भत्ता पाउने उल्लेख छ । यस गाउँपालिकाबाट सञ्चालन भएका निम्नानुसार कार्यक्रममा नपाउने खर्च भुक्तानी भएकोले निर्देशिका विपरित खर्च गरेको नियम सम्मत नदेखिएको रु.

<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>कार्यक्रम</th><th>प्रशिक्षक</th><th>सेसन</th><th>हुनुपर्नेदर</th><th>भएको</th><th>बढी रकम कर कट्टागरेरु</th></tr>
<tr><td rowspan="2">प्रदेश पूँजिगत १७।०७८।३।२४</td><td rowspan="2">शैक्षिक गुणस्तर सुधारकालागि अविभावक शिक्षा तालिम</td><td>६ जना प्रशिक्षक</td><td>२०</td><td>८००</td><td>१५००</td><td>११९००</td></tr>
<tr><td>संयोजक भत्ता</td><td>९ दिनको</td><td>४००</td><td>१०००</td><td>४५९०</td></tr>
<tr><td>११।०७८।३।११</td><td>६ दिने शिक्षक कार्यशाला</td><td>६ जना प्रशिक्षक</td><td>४०</td><td>८००</td><td>१५००</td><td>२३८००</td></tr>
<tr><td></td><td></td><td>संयोजक भत्ता</td><td>६ दिनको</td><td>४००</td><td>१०००</td><td>३०६०</td></tr>
<tr><td>संघिय चालु</td><td>बाल क्लव मार्फत पोषण तथा सरसफाई सम्बन्धि सचेतना कार्यक्रम</td><td>८ जना प्रशिक्षक</td><td>२४</td><td>८००</td><td>१५००</td><td>१४२८०</td></tr>
<tr><td>३११।०७८।१।१४ गा पा पूँजीगत</td><td>६ दिने कर शिक्षा सम्बन्धि तालिम</td><td>२ जना प्रशिक्षक</td><td>२४</td><td>८००</td><td>२०००</td><td>२४४८०</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>८२११०</td></tr>
</table>

</td><td>८२,११०</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>

**लागत सहभागिता**

गरिवि निवारणका लागि लद्यु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को नियय ४१ अनुसार उद्यमीलाई उद्योगको प्रकृति,आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने र उपलब्ध गराईने प्रविधिको कूल लागतको कम्तिमा बिस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने उल्लेख छ । तर कार्यालयबाट यस बर्ष प्रविधि हस्तान्तरण गरेकोमा कुनै पनि लागत सहभागिता नलिई पुरै अनुदानमा वितरण गरेको देखियो । अतः पालिकाबाट यस कार्यक्रमबाट हुने सवै प्रकारका प्रविधि हस्तान्तरणमा विस प्रतिशत सहभागिता गराउने कुरामा ध्यान दिनु पर्ने देखिन्छ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **भ्रमण खर्च**<br>भ्रमण खर्च नियमावली २०६४ को नियम ३ (१) अनुसार भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न नमिल्ने व्यवस्था उल्लेख छ । गाउँपालिकाका देहायका कर्मचारीहरुको भ्रमण आदेश कार्यालय प्रमुखको स्वीकृत वेगर सम्बन्धित शाखा प्रमुखको स्वीकृतिबाट खर्च लेखेको तथा भ्रमण विल पनि स्वीकृत नगरी भुक्तानी गरेको देखियो । यसरी नियम विपरित भएको खर्च सम्बन्धितबाट असुल गर्नुपर्ने रु<br><table><tr><td>कर्मचारीको नाम</td><td>भ्रमण खर्च</td></tr><tr><td>सि.अ.हे.व.यज्ञ बहादुर धामी</td><td>३६००</td></tr><tr><td>ल्या.टे.श्याम राना</td><td>८१००</td></tr><tr><td>ल्या.टे.डम्बर साहु</td><td>२७००</td></tr><tr><td>जम्मा</td><td>१४४००</td></tr></table> | १४,४०० |
| ४४ | | | **पोशाक भत्ता**<br>सामान्य प्रशासन मन्त्रालयको करारका कर्मचारीलाई सेवा सुविधाको लागी वनेको ऐनमा स्वीकृत दरवन्दी भन्दा वाहेक करारमा कर्मचारी राख्न नपाउने व्यवस्था छ । गाउँपालिकाले स्वीकृत दरबन्दी भए नभएको यकिन नगरी करारका कर्मचारीलाई रु. ५००००।- महंगी भत्ता भुक्तानी दिएको छ । कार्यालयले स्वीकृत दरवन्दीमा रहेका कर्मचारीहरुलाई यकिन गरी करारबमोजिमको सुविधा खर्च लेख्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४५ | | | **मसलन्द खर्च**<br>गाउपालिकाले यस आ.व. मा विभिन्न फर्म तथा संस्थाहरुवाट कार्यालय प्रयोजनका लागी विभिन्न समयमा मसलन्द तथा कार्यालय सामाग्रीहरु खरिद वापत रु २२ लाख २५ हजार खर्च लेखेको छ । गाउपालिकामा खरिद गुरुयोजना तथा खरिद योजना नवनाई यस्ता प्रकृतिका कार्यहरु गर्दा कार्यालयले वढी व्ययभार पर्ने हुनाले समयमै यस्ता खर्चलाई व्यवस्थित बनाउन समयमै ध्यान जानुपर्ने देखिन्छ । गाउँपालिकाले यस्ता टुक्रा खरीदलाई व्यवस्थित हुने गरी मसलन्द सामाग्री तथा कार्यालय सामाग्रीको खरिद प्रकृया कानुन वमोजिम हुने गरी व्यवस्थित गर्नुपर्ने तिर कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **परामर्श सेवा**<br>सूचनाप्रणाली तथा सफ्टवेयर संचालन खर्चको लागी सफ्टवेयर खरिद गर्दा कार्यालयले आंशिक रुपमा सूचना प्रविधि अधिकृतको स्वृकिति गरी कारोवार गरेको छ । कार्यालयले यस्ता कार्यक्रमको लागी खर्च गर्दा अनिवार्य रुपमा स्वीकृति लिने गर्नुपर्दछ । कार्यालयमा यस वर्ष परामर्शवापत रु २३३६९६८ खर्च लेखेको छ । कार्यालयले यस्ता परामर्श खर्च लेख्दा यस बाट उपलब्ध हुने उपलब्धिहरुलाई व्यवस्थित तवरले अभिलेख राखी खर्चलाई व्यवस्थित गर्नुपर्दछ । अभिलेख खाता नराखेकोले यस्ता खर्च दोहोरो हुने देखिन्छ । यस्ता परामर्श वापत हुने खर्चलाई व्यवस्थित गर्न अभिलेखलाई अद्यावधिक राख्नुपर्दछ । | |
| ४७ | ३९० | २०७८-२-१७ | **सहजिकरण भत्ता**<br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका,२०७५ को ७.१.१५ अनुसार गाउँपालिका स्तरीय कार्यक्रममा प्रदेश, जिल्ला अधिकृत स्तरका कर्मचारीलाई रु.१४००।– र सहायक स्तरका कर्मचारीलाई रु.८००।– तथा पालिका स्तरका कर्मचारीहरुलाई सहजीकरण तथा प्रशिक्षण गरेवापत अधिकृत स्तरका कर्मचारीलाई १०००।– र सहायक स्तरका कर्मचारीलाई ७००।– का दरले बुझाउनुपर्ने व्यवस्था रहेको छ ।देहायका कर्मचारीहरुले देहायका कार्यक्रम संचालन गर्दा सहजीकरण वापत वढी भत्ता दिएको असुल गरी दाखिला गर्नुपर्ने रु. | २,७७५ |

| कर्मचारीको नाम | कार्यक्रम | पाउनुपर्ने | पाएको | बढी |
|---|---|---|---|---|
| नरेश प्रसाद भट्ट अ. | प्रशिक्षण तथा तालिम कार्यक्रम | ३६०० | ५१०० | १५०० |
| खुसी राम चौधरी स. | तालिम तथा प्रशिक्षण कार्यक्रम | २५५० | ३८२५ | १२७५ |
| | जम्मा | | | २७७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | ५१६ | २०७८-३-२६ | **अनुगमन भत्ता**<br>सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ लाई संसोधन गर्न वनेको विधेयकको दफा ३ मा उल्लेख भए बमोजिम बाहेकको सुविधा उपलब्ध गराउन नपाउने व्यवस्था छ । गाउँपालिकाले समवन्धित पदाधिकारी तथा कर्मचारीलाई गाउँपालिका अन्तर्गत संचालनमा रहेको योजनाहरुको अनुगमन वापत ८३००० खर्च लेखेको छ । सम्वन्धित फिल्डमा खटेवापत गाउपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई फिल्ड भत्ता समेत भुक्तान भएकोले दोहोरो भुक्तानी भएको रकम सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु | ३६,००० |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ४८.१ | राम प्रसाद अवस्थी | १०,००० |
| ४८.२ | सन्तोष प्रसाद जोशी | ५,००० |
| ४८.३ | कैलाश पाण्डे | ५,००० |
| ४८.४ | अन्जु धामी | ४,००० |
| ४८.५ | बलराम राना | २,००० |
| ४८.६ | रामदीन राना | ५,००० |
| ४८.७ | दिनेश पाण्डे | ५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **पारिश्रमिक कर**<br>कुनै पनि कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दाका बखत लाग्नु पर्ने कर कट्टा गरी मात्र पारिश्रमिक प्रदान गर्दा आयकर ऐनको दफा ८७ र ८८ अनुसार आयकरमा दम्पत्तिको हकमा ४५०००० भन्दा बढीको पारिश्रमिक रकममा कर लाग्ने व्यवस्था रहेको छ । गाउँपालिकाले वि.नि. श्री सिद्धराज भट्टलाई बार्षिक पारिश्रमिकको रुपमा रु३६०४४ भुक्तान गरेकोमा पारिश्रमिक कर कट्टी नगरेकोले दाखिला गर्नुपर्ने रु | ३,६०० |
| ५० | ४१० | २०७८-२-२० | **वढी भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७५ तथा नियमावली २०७७ अनुसार कुनै पनि सरकारी कार्यालयले खर्च लेख्दा बिल भर्पाईले पुष्टि हुने गरी भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ । गाउपालिकाको कार्यालयले सूचना प्रविधि अधिकृत पदका लागी लिईएको परिक्षाका लागी बसेको बैठकको बैठक भत्ता रकम भुक्तानी गर्दा जम्मा ७ वटा बैठक वसी ९ वटा बैठकको रकम भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु | ५,१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **बैठक भत्ता**<br>गाउँपालिकाले कार्यालयमा हुने गरेको परामर्श बैठक , बोलपत्र मूल्याङ्कन बैठक, ठेक्का तथा क्याटलग सपिङ्गका लगी वसेको बैठक बापत रु ३००००० खर्च लेखेको छ । खरिद योजना तथा गुरुयोजना तयार नपारी मूल्याङ्कन समिति गठन गरी खर्च लेखेको छ । यस्ता प्रकृतिको खर्च लेख्दा सम्वन्धित सेवा संग सम्वन्धित विज्ञको उपस्थितिमा बैठक वसेकोमा मात्रै खर्च लेख्ने व्यवस्था छ। कार्यालयले यस्ता प्रकृतिका वैठक वस्दा कुनै पनि विज्ञ नराखी कार्यालय समय भन्दा अघि र पछी गरी वसेर कार्यालयकै कर्मचारीहरु मात्रै वसी वैठक भत्ता खर्च लेखेको छ । यस्ता खर्चले आर्थिक व्ययभार वढी परेको छ । | |
| ५२ | ४८५ | २०७८-३-२४ | **बढी भुक्तानी**<br>अर्थिक कार्यबिधि तथा वित्तिय उत्तर दायित्व सम्बन्धि नियमावली २०७६ को नियम बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको उत्कृष्ठ शिक्षक तथा विद्यार्थि पुरस्कार तथा सम्मान कार्यक्रम अन्तरगत कराते प्रतियोगितामा सहभागि शिक्षक तथा विद्यार्थि खेलाडीलाई यातायात खर्च भुक्तानी गरेकोमा १९ जना शिक्षक तथा विद्यार्थिलाई जनही रु १२०० का दरले रु २२८००। भुक्तानी हुनु पर्नेमा रु ३००००। भुक्तानी गरेकोले बढी भुक्तानी रु ७२०० असुल गर्नुपर्ने रु. | ७,२०० |
| ५३ | | | **आन्तरिक आयतर्फ-** | |
| ५३.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि दाखिला गर्नुपर्ने आन्तरिक आयमा हुन गएको क्षतिको लागी सम्वन्धितलाई ताकेता गर्दा समेत नबुझाएकोले उक्त रकमको १० प्रतिशत जरिवाना स्वरुप भएको रकम समेत गरी असूल गरी दाखिला गर्नुपर्ने रु<br><br>**क्रम** / **कर्मचारीको/फर्म/संगठन नाम** / **असुली रकम**<br>५३.१.१ / गणेश राणा / ४४,८८०<br>५३.१.२ / नाथे राणा / २७,५०० | ७२,३८० |
| ५३.२ | | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ अनुसार कर राजश्व उठाउँदा त्यस्ता कर बापत उठेको रकम कलमको अभिलेख व्यवस्थित गरी राख्नुपर्ने व्यवस्था रहको छ । गाउँपालिकाले कर राजश्व वापतको रकम असुल गर्नु पर्ने राजस्व बक्यौताको अभिलेख लगत अद्यावधिक नराखेकोले गति विगतमा उठ्न बाँकी आय रहेको रकम छुट हुन सक्ने भएकोले सम्बन्धित शाखाका प्रमुखलाई जिम्मेवार वनाई अद्यावधिक राख्नुपर्दछ । | |
| ५३.३ | | | **क) यस पालिकाले यस बर्ष निम्न अनुसार आय ठेक्का लगाएको विबरण उपलव्ध गराएको छ ।** | ७८४,८५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| क्र.सं. | कामको विबरण | व्यबसायी | सम्झौता मिति | सम्झौता रकम | अशुल रकम | अशुल हुन बाँकी रकम | दाखिला हुनुपर्ने मु अ कर | कुल असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| 1. | अजैन कुण्ड ताल ठेक्का | गणेश राना | ०७७।७।२७ | १,३६,०००। | ९५,२००। | ४०,८००। | १७,६८०। | ५८४८०।- |
| 2. | लालझाडी वडा नं १को जग्गा ठेक्का | नाथे राना | ०७७।७।२ | ८०,५००। | ३०,५००। | ५०,०००। | १०,४६५। | ६०४६५ |
| 3. | लालझाडी २ ताल जग्गा ठेक्का | राम बहादुर राना | ०७७।६।७ | ९०,९९९। | ३६,४००। | ५४,५९९। | ११,८३०। | ६६४२९ |
| 4. | दोदा नदीको नदिजन्य पदार्थ ठेक्का | भवानी कन्स्ट्रक्सन | ०७७।६।२६ | ४१,००,००१। | ४०,४२,०७४।२८ | ५७,९२६।७२ | ५,३३,०००। | ५९०९२६।७२ |
| 5. | सवारी साधन सेवा शुल्क | भवानी कन्स्ट्रक्सन | ०७७।६।२५ | ५५,०००। | ५५,०००। | ० | ७,१५०। | ७१५०।- |
| 6. | कवाडी कर | भवानी कन्स्ट्रक्सन | ०७७।६।२५ | १०,८००। | १०,८००। | ० | १,४०४। | १४०४ |
| | | | | ४४,७३,३००। | ४२,३३,५७४।२८ | २,०३,३२५।७२ | ५,८१,५२९। | ७८४८५४।७२ |

मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्यअभिबृद्धि कर उठाउन नहुने उल्लेख छ । तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्यअभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यबस्था गरेको छ । यस्ता निकाय मु अ कर दर्ता हुनु नपर्ने हुँदा यि निकायहरुले अशुल गरेको मु अ कर बेदर्तावालाबाटसंकलन गरीने राजश्व शीर्षक नं३३११७मा दाखिलागर्नुपर्ने थपकानुनी व्यबस्था रहेको छ।तर माथी तालिकामा उल्लेखित व्यबसायीबाट कारोबार रकममा लाग्ने मु अ कर अशुल दाखिला गरेको पाइएन । यस्तो अबस्थामा सम्झौता अनुसारको रकममा लाग्ने मु अ कर का अतिरिक्त शुल्क अशुली प्रयोजनका लागि पालिकाबाट प्रमाणित गरिदिएका रसिदबाट थप के कति मु अ कर अशुल गरेका छन एकिन गरी अशुल गरेको मु अ कर रु.५,८१,५२९।- समयमा दाखिला नगरेबापत मु अ कर ऐन,२०५२ अनुसार लाग्ने थप दस्तुर, व्याज र जरिवाना अशुल गर्नुपर्दछ ।उल्लेखित तालिका अनुसारका व्यवसायीहरुसँगको सम्झौता अनुसारको रकम तथा त्यसमा लाग्ने मु.अ. करसमेत अझै दाखिला गर्न बाँकी रहेकोले प्रचिलत कानुन तथा सम्झौता अनुसार लाग्ने थप दस्तुर र व्याज एवम् जरिवाना समेत गणना गरी अशुल हुनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **ख)** भवानी कन्स्ट्रक्सनको ठेक्का सम्झौता अनुसार सम्झौता अबधिमा तोकिएको परिमाणमा ढुङ्गा, गिटी, बालुवा र माटोमात्र संकलन गर्न सक्ने भए पनि के कति परीमाणमा उत्खनन, संकलन भयो कार्यालयबाट अनुगमन मुल्याँङ्कन गरेको पाइएन । अनुगमन मुल्याँङ्कन नगरी व्यबसायीले पेश गरेको परिमाणलाई मनासिब ठानुनी उपयुक्त देखिएन ।यस्ता कार्यमा सुधार हुनु पर्दछ । | |
| ५३.४ | | | यस पालिका अन्र्तगतको दोदा नदीबाट नदीजन्य पदार्थको उत्खनन तथा संकलन गर्ने कार्यका लागि न्युनतम कबोल अंक रु. कायम गरी सिलबन्दी बोलपत्र आव्हान गरेकोमा सबैभन्दा बढी कवोल रु.५०,००,०००।( मु अ कर बाहेक)महालक्ष्मी कन्स्ट्रक्सनबाट प्राप्त भएको देखिए पनि आन्तरिक कारण जनाई ठेक्का सकार्न नसकिने भनि निबेदन दिएकोले निजले राखेको बिडबण्ड बापतको रकम बैकबाट माग गरी दाखिला गर्नु पर्नेमा ५ प्रतिशतले हुने रकम रु.२५०,०००। कार्यालयको खातामा नगदै जम्मा गर्न लगाई दोस्रो घटी कवोलबाला श्री भवानी कन्स्ट्रक्सनको कबोल रु. ४१,००,००१। (मु अ कर बाहेक) स्वीकार गर्दा पहिलो घटी कबोलवालाले दाखिला गरेको रकम घटाउदा समेत कार्यालयको रु.१०,१६,९९९।(मु अ कर समेत) आय घटन गएको देखियो । उक्त व्यहोरा आधारमा व्यबसायीले आपसमा मिलेमतो गरी यस कार्यालयको आय घटाउने कार्यमा लागेको देखिदा सम्झौता गर्न नआउने व्यबसायीलाई प्रचलित कानुन बमोजिम कालोसूचिमा राखि प्रमाण पेश हुनुपर्ने रु | १,०१६,९९९ |
| ५४ | 312 | २०७८-३-२७ | **तालिमको नर्म्स**<br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद नं ७.१.१५ सि.नं.३ अनुसार सवै प्रकारका सीप विकास तालिम गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालीत सवै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिक्षमिकमा सहायक स्तरको तालिममा कक्षा सञ्चालन वापत नगरपालिकास्तरमा रु.७००। र कार्यपत्र वापतरु.८००। पाउने तथा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापत पारिश्रमिक नपाउने कार्यपत्रको मात्र पारिश्रमिक पाउने उल्लेख छ । यस पालिकाबाट सञ्चालन भएका निम्नानुसार कार्यक्रममा नपाउने खर्च भुक्तानी भएकोले निर्देशिका विपरित खर्च गरेको नियम सम्मत नदेखिएको रु. | २८,५६० |

| **गो.भौ.नं.र मिति** | **कार्यक्रम** | संयोजक | सेसन | हुनुपर्ने दर | भएको | बढी रकम कर कट्टा गरेर रु |
|---|---|---|---|---|---|---|
| ३१२।०७८।३।२७ | ३ दिने बाख्रा पालन सम्बन्धि तालिम | नरेश भट्ट | २४ | ८०० | १५०० | १४२८० |
| ३१२।०७८।३।२७ | ३ दिने कुखुरा पालन सम्बन्धि तालिम | नरेश भट्ट | २४ | ८०० | १५०० | १४२८० |
| | जम्मा | | | | | २८५६० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td>२९९। २९८</td><td>२०७८-३-२६</td><td>

**सशर्त अनुदान**

लागत साझेदारीमा बाख्रा स्रोत केन्द्र विकास कार्यक्रम कार्यसञ्चालन प्रकृया सम्बन्धि मार्गदर्शन तथा लागत साझेदारीमा पशुपन्छि प्रवर्द्धन कार्यसञ्चालन प्रकृया सम्बन्धि मार्गदर्शन २०७७ अनुसार कम्तिमा ८० प्रतिशको खोर निर्माण र पशु खरिद गर्ने र अनिवार्य रुपमा पशुको विमा गर्ने तथा प्रति पकेट ५ वटा कृषक समूह र प्रति समूहमा १० जनाको कृषक हुनु व्यवस्था गरेको छ । गाउँपालिकाले लागत साझेदारी ५० प्रतिशत तोकि सूचना प्रकाशन गरेकोमा कार्यक्रम विपरित खरिद गरी वीमा तथा अनुदान विना वितरण गरेको देखियो । शसर्त कार्यक्रम शीर्षकमा आएको रकमलाई शर्त अनुसार नै खर्च गर्नुपर्नेमा गाउँपालिकाले नियमानुसार कृषकले व्यहोर्नुपर्ने ५० प्रतिशतले हुने रु.११३२९५०। भुक्तानी हुनुपर्नेमा रु.२२६५९००। भुक्तानी भएकोमा रु.११३२९५०। बढी भुक्तानी भएकोले नियमसम्मत नदेखिएको रु.

<table>
<tr><th>गो भौ नं र मिति</th><th>विवरण</th><th>वितरित संख्या</th><th>भुक्तानी रकम</th><th>५० % अनुदान रकम</th><th>कैफियत</th></tr>
<tr><td>२९८।०७८। ३।२६</td><td>बंगुर प्रवर्द्धन कार्यक्रम ५० प्रतिशत अनुदान</td><td>१५० वटा</td><td>९०६०००</td><td>४५३०००।</td><td>१० वटा सहकारी संस्था र ५ जना व्यक्तिलाई विवरतण</td></tr>
<tr><td>२९९।०७८। ३।२६</td><td>बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम ५० प्रतिशत अनुदान</td><td>१०० वटा</td><td>१३५९९००</td><td>६७९९५०।</td><td>वडा नं १,२,३,४ का १३ वटा सहकारी संस्थालाई विवरतण</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२५० वटा</td><td>२२६५९००</td><td>११३२९५०</td><td></td></tr>
</table>

</td><td>१,१३२,९५०</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>

**प्रधानमन्त्री रोजगार कार्यक्रम-**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि योजना छनोट भएको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, पर्खाल निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २२ योजना तथा कार्यक्रममा २२६ जना बेरोजगारहरुलाई रोजगारी उपलब्ध गराई रु.८३ लाख ८४ हजार खर्च गरेको छ । लक्षित वर्गलाई रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । पालिकाले नीजी क्षेत्र तथा पालिकाबाट संचालित आयोजनाहरुमा समेत प्रस्तुत कार्यक्रम समावेश तथा समन्वय गरी सूचीकृत बेरोजगारहरुलाई रोजगारी दिनेतर्फसमेत ध्यान दिनुपर्ने देखिन्छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **आन्तरिक लेखापरीक्षण-**<br>पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औल्याएका निम्नानुसारका व्यहोरा उपर कुनै कारवाही भए गरेको नदेखिएकोले सो सम्वन्धमा आवश्यक कारवाही गर्नुपर्ने देखिएको रु..... | २६,७५७ |

| गो.भौ. नं. र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| | सर्शत चालु तर्फ | | |
| ९-२०७७।०६।२६ | शंकरपुर स्वास्थ्य चैकीमा कार्यरत सि.अ.हे.ब श्री प्रकाश चौधरीलाई श्रावण देखी कार्तिकसम्म चाडपर्व खर्चसमेतगरी ग्रेड संख्या १ को १२०० का दरले जम्मा ६०००।- बढी भुक्तानी भएकाले रु. | ६००० | असुल दाखिलाको प्रमाण पेश हुनुपर्ने |
| ३६- २०७७।०८।१२ | शंकरपुर स्वास्थ्य चैकीमा कार्यरत सि.अ.हे.ब श्री प्रकाश चौधरीलाई श्रावण देखी कार्तिकसम्म चाडपर्व खर्चसमेतगरी ग्रेड संख्या १ को १२०० का दरले जम्मा ६०००।- बढी भुक्तानी भएकाले रु. | ५००० | असुल दाखिलाको प्रमाण पेश हुनुपर्ने |
| ५१ -२०७७।१०।०४ | शिक्षकद्बय श्री गणेश राज जोशी र प्रेम प्रकाश भट्टलाई दोस्रो चौमासिकमा १ ग्रेडका दरले बढी भुक्तानी क्रमश रु.३५४८।- र रु.३५४८।- | ७०९६ | असुल दाखिलाको प्रमाण पेश हुनुपर्ने |
| | पुजिगत तर्फ | | |
| २०७ -२०७७।११।२० | प्रेम नगर सिविरको बाटोमा माटो भरान तथा ग्राभेल उपभोक्ता समितिलाई प्राविधिक विलबमोजिम रु.१०९०००।- भुक्तानी दिनुपर्नेमा रु.११५०००।- भुक्तानी दिएको | ६००० | असुल दाखिलाको प्रमाण पेश हुनुपर्ने |
| १४८- २०७८।०१।०३ | शिक्षकत्रय श्री तारामणी न्यौपाने, श्री गणेश राज जोशी र श्री प्रेम प्रकाश भट्टलाई चैत्र महिनाको तलव भुक्तानीमा १/१ ग्रेडको रु.८८७।– का दरले बढी भुक्तानी रु. | 2661 | असुल दाखिलाको प्रमाण पेश हुनुपर्ने |
| | जम्मा | २६७५७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण पेश भको छैन । गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू<br>(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू<br>(B)</th><th>गत वर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B)</th></tr>
<tr><td>६७३93000</td><td>०</td><td>६७३९३०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>अद्यावधिक वेरुजु -<br>यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्यावधिक बाँकी बेरुजू<br>(E=A-B+C+D)</th></tr>
<tr><td>६७३९३०००</td><td>०</td><td>५८५५९६५</td><td>०</td><td>७३२४८९६५</td></tr>
</table></td><td></td></tr>
</table>